नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फोन नं. ४२०००००
४२००४६०
सिंहदरबार, काठमाण्डौ

प.सं. २०७३/०७४
च.न १.१.३ ५८९

मिति :- २०७४/०२/३०

विषय :- *अन्तरक्रिया कार्यक्रम सहभागि पठाईदिने वारे ।*

श्री जिल्ला समन्वय समितिको कार्यालय,

सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, नुवाकोट, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, धादिङ्ग ।

प्रस्तुत विषयमा यस आर्थिक वर्षसम्ममा साविक जिल्ला विकास समितिको कार्यालयहरुमा रहेको वेरुजु फछ्र्यौट कार्यलाई तिव्रता दिई तोकिएको लक्ष्य पुऱ्याउन फछ्र्यौट प्रकृया तथा यथार्थ स्थितिको वारेमा सम्वन्धित जिल्ला समन्वय समितिमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरु र आन्तरीक लेखापरीक्षकहरुसँग छलफल एवं अन्तरक्रिया गर्न लागिएको हुँदा तपसिल अनुसारको मिति र स्थानमा हुने आर्थिक सुशासन तथा वेरुजु फछ्र्यौट अन्तरक्रिया कार्यक्रमका लागि त्यस जिल्लामा आ.व. ०७१/७२ सम्मको कूल वेरुजु, असूल उपर गर्नुपर्ने वेरुजु, नियमति गर्नुपर्ने वेरुजु, पेश्की वेरुजु र अन्य वेरुजुको विवरण छुट्टाछुट्टै देखिने गरी तथा हालसम्म भएको वेरुजु फछ्र्यौटको विवरण, हालसम्म वेरुजु फछ्र्यौटका लागि गरेका प्रयासहरु र अव फछ्र्यौट हुने वेरुजुको विवरण समेत देखिने गरी वढीमा १० मिनेटभित्र प्रस्तुतीकरण गर्ने गरी (Soft Copy र Hard Copy समेत लिई) त्यस जिल्ला समन्वय समितिका आर्थिक प्रशासन शाखा प्रमुख र आ.ले.प. शाखा प्रमुखलाई दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च तहाँवाटै भुक्तानी हुने गरी आवाशीय अन्तरक्रिया कार्यक्रममा २०७४/०३/०१ गते वेलुका सम्म अनिवार्य रुपमा तपसिलको विवरणहरु समेत लिई खटाई पठाईदिनु हुन निर्णयानुसार अनुरोध छ ।

*तपसिल*

१.जिल्ला स्थित स्थानीय तहको खाता सञ्चालनको विवरण ।

२. स्थानीय तहको (साविक जि.वि.स.,गा.वि.स.,न.पा.समेत)छुट्टाछुट्टै खुल्नेगरी वरवुझारथको अवस्था । जस्तै : नगदी, जिन्सी, श्रेस्ता र अन्य समेत

३.२०७३ फाल्गुण मसान्तसम्मको आ.ले.प. प्रतिवेदन र आर्थिक विवरण ।

४. म.ले.प.फा.नं. ५७ ( जिन्सी सम्पतिको वार्षिक मौज्दातको विवरण) , जिन्सी निरीक्षण प्रतिवेदन र आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची १४ अनुसार को विवरण ।

**कार्यक्रम**

मिति : २०७४/०३/०२ र ०३ गते ।

समय : विहान ९ वजेदेखि ।

स्थान : होटल अरनिको , धुलिखेल, काभ्रे सम्पर्क नं. ०११४९०४८०

**सम्पर्क व्यक्ति :** हिमलाल अधिकारी, लेखा अधिकृत

**सम्पर्क नं. :** ९८५११६६३०७

(ढुण्डी प्रसाद निरौला)
**उपसचिव (लेखा)**

*वोधार्थ :*

श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
मन्त्रालयको Web Site मा राखिदिनुहुन ।